# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७२।२।३
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल बैशाख महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७२।१।७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत , सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिकाको ६० प्रतिशत र उपभोक्ता समितिबाट ४० प्रतिशत लगानी हुने गरी देहाय बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**देहाय**

| सि.न. | योजनास्थल | कार्य विवरण | ल.ई अंक रु हजारमा |
|---|---|---|---|
| १ | सि.न.पा. ८ बसडिलवा - क्षितिजपथ | नाला निर्माण कार्य | ३००।०० |
| २ | सि.न.पा. ३ सिद्धार्थ कलोनी - दरखसवा | सडक पिच कार्य | ३००।०० |
| ३ | सि.न.पा. १२ जनतापथ देखि पश्चिम न्यू ईरा आवासीय उच्च मा.वि. सम्म | पक्की नाली तथा सडक पिच कार्य | ३००।०० |



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | | |
|---|---|---|---|
| ४ | सि.न.पा. ८ प्रकाशपथ | नाला निर्माण तथा ग्रेभल सडक | ३००।०० |
| ५ | सि.न.पा. ८ रविपथ, एकता टोल उत्तर तर्फ बलराम शर्मा र पश्चिम तारा बहादुर कुवरको घर सम्म | सडक निर्माण कार्य | २००।०० |
| ६ | सि.न.पा. १२ कालीका पथ | सडक तथा नाला निर्माण कार्य | १०००।०० |
| ७ | सि.न.पा. ८ अन्नपूर्ण टोल शालिग्राम पथ | पक्की नाली निर्माण कार्य | २५०।०० |
| ८ | सि.न.पा. ३ दरखसवा महिला सामुदायिक समूह | सामुदायिक भवन निर्माण | ५००।०० |
| ९ | सि.न.पा. ८ खाद्य गोदाम पश्चिम | सडक तथा नाला निर्माण कार्य | ३००।०० |
| १० | सि.न.पा. ८ बसडिलवा शिवालय मन्दिरको उत्तर पट्टी | अधुरो नाला निर्माण कार्य | २००।०० |
| ११ | सि.न.पा. ८ स्थित बैंक कलोनी पथबाट शिवपथ जोड्ने लोहार बस्ती हुदै समावेशी पथ | पक्की नाली निर्माण कार्य | २००।०० |
| १२ | सि.न.पा. ९ प्रभात पथबाट सिद्धार्थ पथ जोड्ने बाटो | सडक पिच तथा नाला निर्माण कार्य | ३००।०० |
| १३ | सि.न.पा. ८ सहिद स्मृती पुस्तकालय भवनको दक्षिण देखि पश्चिम राज कुमार कोईरीको घर सम्म | पक्की नाली निर्माण | २००।०० |
| १४ | सि.न.पा. ६ होटल निर्माण देखि उत्तर पश्चिम जाने बाटोमा | नाला निर्माण | ३००।०० |
| १५ | सि.न.पा. १ ज्ञानपथको पूर्वपट्टी | नाला निर्माण | २००।०० |
| १६ | सि.न.पा. ८ लुम्बिनी रोडको उत्तर तिर दुर्गा मन्दिर जाने बाटो | सडक निर्माण कार्य | ३००।०० |
| १७ | सि.न.पा. १३ ज्योति पथको बाटो | सडक पिच निर्माण कार्य | ३००।०० |
| १८ | सि.न.पा. ७ भैरहवा कलोनीमा | सडक पिच तथा नाला निर्माण कार्य | ३००।०० |
| १९ | सि.न.पा. २ स्वर्गद्वारी घाटमा | सव दाह गृह निर्माण तथा सव दाह गृह सम्म पुग्ने बाटो, गेट,र तार निर्माण | २५०।०० |
| | **कुल जम्मा** | | ६०००।०० |

**अक्षरेपी साठी लाख मात्र ।**

## मिति २०७२।१।१५ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

## निर्णय नं. १

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजनामा नियुक्त NGO द्वारा न.पा.का विभिन्न गरीब बस्तीहरुमा आ.ब. ०७१।०७२ का लागि पेश गरेको Community Development Program अन्तर्गत Small Scale Community Infrastructures कार्यक्रमको अनुमानित लागत रु. ७५,४६,१००।३४ स्वीकृत गर्ने र सो रकम PAM (Project Administration Manual) मा व्यवस्था भए अनुसार सोही शिर्षकको लागि छुट्याईएको



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

स्वीकृत रकम US $ 0.32 million बाट खर्च गर्ने सहमतीका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

माथी उल्लेखीत कार्यक्रमहरु अति विपन्न वस्तीहरुमा सञ्चालन हुने र ती विपन्न बस्तीका बासिन्दाहरुबाट जनसहभागिता वापतको रकम व्यहोर्न सक्ने अवस्था नभएको हुँदा व्यक्तिगत शौचालय बाहेकका अन्य योजनाहरुमा जनसहभागिता वापतको रकम PAM मा भएको वैकल्पिक व्यवस्था अनुरुप नगरपालिकाले आयोजनाको Matching का लागि छुट्याएको बजेटवाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

गत आ.व. २०७०।०७१ मा लागत साझेदारी कार्यक्रम अन्तर्गत विभिन्न निर्माण कार्य गर्नका लागी उपभोक्ता समितिसँग सम्झौता भई कार्यादेश भएका निम्न लिखित योजनाहरु नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् र निकासी रोक्का भएको कारण म्याद भित्र निर्माण कार्य सम्पन्न नभएको भनी सम्बन्धित उपभोक्ता समितिबाट म्याद थपको लागी निवेदन प्राप्त भएको र निजहरुले पेश गरेको व्यहोरा मनासिव भएको भनी प्राविधिकबाट राय समेत प्राप्त भएकोले निम्न योजनाहरुको म्याद देहाय बमोजिम हुने गरी थप गर्ने निर्णय गरियो :-

| सि.न. | उपभोक्ता समितिको नाम | योजनाको नाम | सम्झौता रकम | सम्झौता वा कार्यादेश मिति | कार्य सम्पन्न गर्नु पर्ने मिति | म्याद थप गरिएको मिति |
|---|---|---|---|---|---|---|
| १ | दोगहरी बाटो निर्माण उपभोक्ता समिति सि.न.पा १० | सि.न.पा १० भित्री सडकमा ग्रेभल गर्ने कार्य | ७,००,०००।- | २०७१।१।१५ | २०७१।३।१५ | २०७२।३।१५ |
| २ | माया देवि महिला समुह | गणेश टोलमा सामुदायिक भवन निर्माण कार्य | ९,६८,६४०।२८ | २०७१।१।२१ | २०७१।३।१५ | २०७२।३।१५ |

**निर्णय नं. ४(चार)**

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा दफा ५ तथा सूचनाको हक सम्बन्धि नियमावली(दोस्रो संसोधन) २०६५ को दफा ३ बमोजिम निम्नानुसारका सूचनाहरु सुचिकृत गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**सिद्धार्थनगर नगरपालिका कार्यालयको सूचना सूचिकृत विवरण ।**

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ तथा नियमावली (दोस्रो संसोधित) २०६५ को नियम ३ बमोजिम

| क्र.सं. | विवरण | गर्नुपर्ने व्यक्ति |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | सेवा प्रदायक कार्यालय स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०५६ बमोजिम स्थापना भएको कार्यालय, कानुन द्वारा स्वशासित संस्था भएको । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०५६ बमोजिम काम, कर्तव्य र अधिकार तोकिएको । |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | कर्मचारी संख्या – १३९ स्थायी र ७ जना करार कर्मचारी रहेको, कार्यालय |



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | |
|---|---|---|
| | | सहयोगी कुचिकार वाहेक सवैलाई कार्यविवरण उपलब्ध गराईएको । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०५६ बमोजिम प्रदान गरिने सेवा प्रवाहको लागी लागु गरिएको क्षतीपुर्ति सहितको नागरिक वडापत्र बमोजिमका सेवाहरु प्रदान गरिने । |
| ५ | सेवा प्रदान गर्ने निकायका शाखा र जिम्मेवारी अधिकारी | नागरिक वडापत्रमा उल्लेख भए बमोजिम रहेको । |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | नागरिक वडापत्रमा उल्लेख गरिए बमोजिम हुने । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी | कानुनले निर्धारण गरे बमोजिमको पदाधिकारी वा निजले अधिकार प्रत्यायोजन गरी तोकि दिए बमोजिमको कर्मचारी । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुख/का.अ. श्री विष्णुदत्त गौतम (गुनासो सुन्ने अधिकारी वरिष्ठ अधिकृत श्री विवेक कुमार खनाल) |
| ९ | सम्पादन गरेको कामको विवरण | नागरिक वडा पत्रमा लेखिएको सवै काम एवं विकास निर्माण सम्बन्धि कार्यहरु |
| १० | प्रमुखको नाम र पद तथा सूचना अधिकारी | प्रमुख/का.अ. श्री विष्णुदत्त गौतम र सूचना अधिकारी शाखाअधिकृत श्री देवप्रसाद ज्ञवाली |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि | १) स्थानीय स्वायत्त शासन ऐन - २०५५<br>२) स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) -२०५६<br>३) कर्मचारी विनियमावली – २०६७<br>४) भवन तथा योजना मापदण्ड – २०७०<br>५) कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि - २०६७<br>६) मासु बधस्थल तथा माछा मासु बिक्रि वितरण व्यवस्थापनगर्ने निर्देशिका- २०६७<br>७) सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५<br>ड) सुशान ऐन २०६४<br>च) स्थानीय निकाय (आर्थिक प्रशासन) निमावली २०६४<br>छ) सार्वजनिक खरीद ऐन २०६४ र निमयावली २०६५<br>ज) भ्रमण खर्च नियमावली २०६४ |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | पत्र पत्रिका, रेडियो एफ.एम.,मार्फत प्रशारण गरिने, वडा नं. १ देखि १३ सम्मको सवै वडा समिति कार्यालय र संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाईएको तथा नगरपालिकाको वेवसाईटमा राख्ने गरिएको । |
| १३ | अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण | १) सामाजिक परीक्षण एक पटक<br>२) सार्वजनिक सुनुवाई तिन पटक र आयोजनागत रुपमा सार्वजनिक परीक्षण<br>३) नगरपरिषद् तथा बजेट सार्वजनिकिकरण |
| १४ | सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण | www.siddharthanagar.org.np |
| १५ | सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण । | एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सम्झौता भई सिद्धार्थनगरमा एकिकृत शहरी विकास परियोजना सञ्चालनमा रहेको ।<br>नगरपालिकाले अन्य ऋणहरु नगरविकास कोषसंग सम्झौता गरी लिएको । |
| १६ | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन । | १) न.पा. को आन्तरिक स्रोत, नेपाल सरकार तथा जिविसबाट प्राप्त अनुदान ।<br>२) नगरविकास कोषबाट प्राप्त हुने ऋण अनुदान, सडकवोर्डको अनुदान तथा एशियाली विकास बैंकको अनुदान सहयोगमा विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन भैरहेको । आयोजनाको मासिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउने र विभिन्न माध्यमबाट सार्वजनिककीकरण गर्ने काम भईरहेको । |
| १७ | सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि । | बर्गिकरण नगरेको । |
| १८ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको बिषय । | मिति २०७१।९।१६ देखि २०७२।१।७ सम्म १९ थान निवेदन प्राप्त भई १८ मा सूचना उपलब्ध गराईएको । एकवटामा आवश्यक नभएको सनाखत कागज गरेको । |



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | |
|---|---|---|
| १९ | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण | राष्ट्रिय दैनिक पत्रिकाहरु, एफ.एम. (रुपन्देही एफ.एम. तथा सिद्धार्थ एफ. एम.) तथा टेलिभिजन(लुम्बिनी)बाट प्रकाशन प्रसारण हुने गरेको । |

**निर्णय नं. ५(पाँच)**

सिद्धार्थनगर नगरपालिकाको सन्देश मूलक सूचनाहरु बढीमा सूचनाको परिमाण हेरी रु १,५००।- (एक हजार पाँच सय) मा नबढ्ने गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**मिति २०७२।१।३० गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक) :**
नेपाल सरकार र एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजनामा अन्तर्गत निर्माण हुन प्रस्तावित Integrated Solid Waste Management Subproject (IUDP/SWM/SDN/ICB-02) को लागि २९ अक्टोबर २०१४ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी १२ डिसेम्बर २०१४ मा पेश हुन आएका तीनवटा बोलपत्रहरु UPL Environmental Engineers Ltd. - Khani Nirman Sewa Pvt. Ltd. JV, Ramky & Nepal Adarsha Nirman Sewa Joint Venture र Zhongding International Engineering Co. Ltd. - Pappu Construction JV को प्राविधिक प्रस्ताव मूल्यांकन समितिमा मूल्यांकन गर्दा उल्लेखित तीन वटा बोलपत्र मध्ये Ramky & Nepal Adarsha Nirman Sewa Joint Venture को प्राविधिक प्रस्ताव मात्र सारभूत रुपमा प्रभावग्राही रहेकोले प्राविधिक प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताको आर्थिक प्रस्ताव मात्र १५ अप्रिल २०१५ मा नियमानुसार खोलिएको थियो । आर्थिक प्रस्ताव खोलि सके पछि सो प्रस्तावलाई मूल्यांकन समितिमा पेश गरी तुलनात्मक तालिका अनुसार तुलना गरी अध्ययन गर्दा निजको कबोल अंक रु. ३२,२९,८१,६६३।९४ (VAT, Physical Contingencies र Price Adjustment बाहेक) रहेको देखियो । निजको कबोल अंक कार्यालयको ल.ई. रु. २६,३६,९७,४६७।२२ (VAT, Physical Contingencies र Price Adjustment बाहेक) भन्दा रु. ५,९२,८४,१९६।७२ (ल.ई. भन्दा २२.४८ प्रतिशत बढी) रहेको देखियो । त्यसैले प्रस्तावित बोलपत्रदाताको बोलपत्र अस्वीकृत गर्ने वा स्वीकृत गर्ने सम्बन्धमा अध्ययन गर्दा ADB को Procurement Guidelines, April 2015 को बुँदा नं. 2.64 अनुसार बोलपत्र अस्वीकृत गर्नु अघि ADB को पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था रहेको र सोही Guidelines को बुँदा 2.63 मा "Where all Bid Prices substantially exceed the cost estimates, the borrower may, instead of calling for new bids, and after consultation with ADB, negotiate with the lowest evaluated bidder for a reduction of the Bid Price" भनि उल्लेख भएकोले बोलपत्रदातासंग Price Negotiation गरी Bid Price घटाउन पनि ADB को पूर्व स्वीकृति लिनु पर्ने देखिन्छ । परियोजनाको अवधि ३० जुन २०१७ सम्म मात्र रहेकोले बोलपत्रदाताको बोलपत्र अस्वीकृत गर्ने वा स्वीकृत गर्ने सम्बन्धमा छिटो निर्णय गर्नु पर्ने देखिन्छ । परियोजनाको निर्माण अवधि दुई वर्ष प्रस्ताव गरिएको सन्दर्भमा निजको प्रस्ताव अस्वीकृत भएको खण्डमा पुन: नयाँ दररेटमा ल.ई. तयार गरी बोलपत्र आह्वान गरी बोलपत्रको मूल्यांकन गरी Contract Award गर्दा सम्मको समयलाई हिसाब गर्दा परियोजनाको लागत बृद्धि भै स्वीकृत डिजाइन अनुसार निर्माण कार्य गर्न रकम अभाव हुनुका साथै परियोजना अवधि २०१७ जुन ३० भित्र निर्माण कार्य सम्पन्न गर्न समेत समय अपुग हुने सम्भावना देखिन्छ । तसर्थ, ADB's Procurement Guidlines, April 2015 को बूँदा २.६३ अनुरुप Price Negotiation को लागि PCO मार्फत ADB संग सहमति माग गर्न मूल्यांकन समितिको मिति २०७२।१।२८ गतेको बैठकबाट समेत सिफारिस भई आएकोले सोही बमोजिम सहमति माग गर्ने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**<u>निर्णय नं. २ (दुई)</u> :**

सिद्धार्थनगर नगरपालिकाको अञ्चलपुर (गोदार इन्जिनियरिङ्ग) देखि गोलिगढ हुँदै सानो दुमदुमवा जाने सडकमा Improvement and Development of Storm Water Drainage & Urban Road Subproject (IUDP/DR/SDN/ICB-01) कार्यक्रम अन्तर्गत Diversion Drain ASDK को Design, Estimate परिवर्तन गर्नु पर्ने एकीकृत शहरी विकास आयोजनाका कन्स्ल्टेन्ट GOEC Nepal (P.) Ltd. JV with Technocrat Consultacy को सुझाव र यस न.पा. को मिति २०७२।१।२९ को स्वीकृत टिप्पणी र आदेश समेतको आधारमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २९ (ख) अनुसार सो Diversion Drain ASDK को पहिलेको लागत अनुमान रु. ८६,२८,७२६।६१ (मू.अ.कर समेत) र हालको लागत अनुमान रु. ३,१३,९६,६६०।३० (मू.अ.कर समेत) देखिएकोमा पहिलेको लागत अनुमान भन्दा संशोधित अनुमान रु. २,२७,६७,९३३।६९ (मू.अ.कर समेत) बढी देखिएकोले उक्त रकम आयोजनाको स्वीकृत Physical Contingencies वापत छुट्याईएको रु. ३,९८,४२,६०५।०१ (मू.अ.कर समेत) बाट व्यहोर्ने गरी र उपरोक्त कार्यक्रमका लागि सम्झौता अनुसारको समयावधि भित्र कार्य सम्पन्न गर्ने गरी Variation Order-01 स्वीकृतीको लागि PCO मार्फत ADB मा पठाउने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np